आज मिती २०८१।११।१० गते शनिबारका दिन बिहानको १० बजे जगदुल्ला गाउपालिकाको कार्यालयका अध्यक्ष श्री नारासिं रोकाय ज्युको अधक्षता तथा तपशिल बमोजिमका गाउँ कार्यपालिका सदस्यहरुको उपस्थितिमा जगदुल्ला गाउँ कार्यपालिकाको बैठक बसि तपशिल बमोजिमको निर्णय गरियो ।

| | उपस्थिती हरु | | | |
|---|---|---|---|---|
| सि.नं | पद | नाम थर | हस्ताक्षर | कैफियत |
| १ | अधक्ष्य | नारासि. रोकाय | | |
| २ | उपाध्यक्ष | अमरिता लामा | | |
| ३ | १ नं वडाध्यक्ष | शेर बहादुर लामा | | |
| ४ | २ नं वडाध्यक्ष | भानु भक्त बुढाथोकी | | |
| ५ | ३ नं वडाध्यक्ष | भक्त बहादुर बोहोरा | | |
| ६ | ४ नं वडाध्यक्ष | भिम प्रसाद बोहोरा | | |
| ७ | ५ नं वडाध्यक्ष | भिम बहादुर बोहोरा | | |
| ८ | ६ नं वडाध्यक्ष | काली बहादुर बुढा | | |
| ९ | कार्यपालिका सदस्य | संगिता बुढा | | |
| १० | कार्यपालिका सदस्य | पासाङलामा बुढाथोकी | | |
| ११ | कार्यपालिका सदस्य | रामकली लामा | | |
| १२ | कार्यपालिका सदस्य | तिलकन्या बी.क | | |
| १३ | कार्यपालिका सदस्य | मरे कामी | | |
| १४ | कार्यपालिका सदस्य | श्याम बहादुर कामी | | |
| १५ | नि.प्रमुख प्रशासकिय अधिकृत | गोपाल बुढा | | |

प्रस्ताब नं. १ : संघिय तथा प्रदेश समपुरक र विशेष अनुदान माग गर्ने सम्बन्धमा ।
प्रस्ताब नं. २ : प्रमुख प्रशासकिय अधिकृतको व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं. ३: आयोजना कार्यान्वयन सम्बन्धमा ।

निर्णय नं. १

प्रस्ताव नं. १: माथि छलफल गर्दा यस गाउँपालिकाको आ.व ०८२।०८३ को लागि संघिय तथा प्रदेश समपुरक, विशेष अनुदान तपशिल बमोजिमका योजनाहरु छनौट गरि माग गर्ने निर्णय सर्बसहमतिले पारित गरियो ।

तपशिल

**संघिय समपुरक तर्फ**

१. थापागाउँ हुदै तिलमुली सम्म सिडी निर्माण वडा नं. ३

२. कुमडेरा देखि बाँजगार सडक स्तरोन्नती

३. थाप्लीकाटा मुहुने सडक स्तरोन्नती

**संघिय विशेष अनुदान तर्फ**

१. सामुदायिक विद्यालयहरुमा शैक्षिक विकासको लागि सेवा गुणस्तर अभिबृद्धि

२.स्वास्थ्य तथा पोषण सुधार कार्यक्रम

३. विपन्न तथा दलित महिला उत्थान कार्यक्रम वडा नं. १ देखि ६

**प्रदेश समपुरक अनुदान तर्फ**

१.वडा नं. छाँचु गाउँ एकीकृत वस्ती विकास क्रमागत

२. छाँचु हुदै सगामचिला मन्दिर सम्म सिडी निर्माण

३. सिमचौर चुकेना सडक स्तरोन्नती

४. दोजाम हुदै सिमचौर दलित बस्ती तडबन्धन क्रमागत

५. दोसांटा टापु पर्यटकियस्था निर्माण

**प्रदेश विशेष अनुदान तर्फ**

१.दलित छात्राबास व्यवस्थापन कार्यक्रम

२. काईगाउँ स्वास्थ्यचौकी व्यवस्थापन तथा स्तरोन्नती

३. त्रिपुरा मा.वि छात्राबास व्यवस्थापन कार्यक्रम

प्र. प्रशासकीय अधिकृत

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस जगदुल्ला गाउँपालिकामा मिति २०८१।१०।२५ गते देखि प्रमुख प्रशासकिय अधिकृत रिक्त भई हाल कार्यालयको दैनिक कामकाजमा बाधा अवरोध भएको हुनाले यस गाउँपालिकाको कार्यालयमा कार्यरत कर्मचारी मध्ये जेष्ठ कर्मचारी नेपाल ईन्जिनियरिङ सेवा , सिभिल समुह , अधिकृत सातौ तह, ईन्जिनियर पदमा कार्यरत श्री खगेन्द्र ऐडी लाई यस गाउँपालिकाको आर्थिक तथा प्रशासनिक जिम्मेवारी तोक्नको लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस गरि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको वार्षिक स्विकृत कार्यक्रम अनुसार जगदुल्ला गाउँपालिका गैरीगाउँ खेलकुद मैदान परिसरमा तथा छाँचु बस्तीमा पुर्वाधार निर्माण कार्यको लागि संघिय ससर्त अनुदान अर्न्तगत रु ३००००००।०० (अक्षरुपी तीस लाख ) विनियोजन भएकोमा दुबै स्थानको पुर्वाधार निर्माण गर्दा बजेट अभाव भइ दुबै स्थानहरुको आयोजनाहरु सम्पन्न नभई अपुरो अवस्थामा रहने भएको हुदा वडा नं. ४ स्थित छाँचु बस्ती पुर्वाधार निर्माणको कार्य नगरि, जगदुल्ला गाउँपालिका गैरीगाउँ खेलकुद मैदान परिसरमा पुर्वाधार निर्माण गर्ने भनि वडा नं. ४ बाट सहमति प्राप्त भएकोले प्राप्त सबै रकम रु रु ३००००००।०० (अक्षरुपी तीस लाख ) बाट जगदुल्ला गाउँपालिका गैरीगाउँ खेलकुद मैदान परिसरमा पुवाधार निर्माण गर्ने र छाँचु बस्तीमा पुर्वाधार निर्माण कार्यको लागि सघन सहरी विकास तथा भवन निर्माण विभागमा बजेट माग गर्ने निर्णय गरियो ।